# तुर्माखाँद गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## तुर्माखाँद अछाम

## सुदुरपश्चिम प्रदेश नेपाल

**बालुवा बिक्रिका लागि सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः-२०८०/१०/१४

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६४ (च) र मिति २०८० १० ०७ गतेको गाउँकार्यपालिकाको निर्णयबमोजिम तपशिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ बालुवा उत्खनन् गरी तुर्माखाँद गाउँपालिकाले तोकेको दरमा बिक्रिगर्ने गरी ठेक्काको बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा म्यादथपको निस्साको प्रमाणित प्रतिलिपिहरु सलग्न राखी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सिलबन्दी दरभाउपत्र नं | IEEअनुसार उत्खननखोलाको विवरण | उत्खनन परिणाम ( घन फिट) बालुवाको मात्र | न्यूनतमसिलबन्दी दरभाउपत्र रकम ( सेवाशुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | सिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| TRM/SQ/G/02/2080/801 | १. नाउँगाडे खोला | ९७६३४.६०६ | ३९०५३८.४२३ | २००००.०० | १०००.०० |
| | २ .असारा खोला | ४४२२९.२६६ | १७६९१७.०६४ | ९०००.०० | १०००.०० |
| | ३. जंगलघाट खोला | ११३३५.४६४ | ४५३४१.८५६ | ३०००.०० | १०००.०० |
| | ४.कोलिमरा खोला | ३२७०९.६४ | १३०८३८.५६ | ७०००.०० | १०००.०० |

## सिलवन्दी दरभाउपत्र सम्बन्धीशर्तहरु

१.२०८० सालमा यस गाउँपालिका बाट गरिएको प्रारम्भिक बातावरणीय परीक्षण (IEE) मा तोकिएको स्थलहरुवाट मात्र संकलन र उत्खनन गर्नुपर्ने छ ।

२.सिलबन्दी दरभाउपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अक, सेवाशुल्क बापत हुनआउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउन पर्नेछ ।

३ धरौटी बापतको रकम यस तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको नाममा नविल बैङ्क स्थित धरौटी खाता न.०७९०१०१७५००५२८ मा जम्मा गरेको वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त वाणिज्य बैंकले जारी गरेको ७५ दिनको म्यादभएको विडवण्डको सक्कलप्रती सलग्नगनु पर्नेछ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाईने छैन। उक्त धरौटी रकम प्रचलित ऐन नियम बमोजिमहुनेछ।

४. उपरोक्त ठेक्काका लागी सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र सिलवन्दी दरभाउपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र बुझाउनु पर्ने छ। प्राप्त सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको १४:०० बजे तुर्माखाँद गाउँपालिकाको कार्यालयमा खोलिने छ। उक्त दिन बिदा परेमा सो कार्य बिदाको अर्को दिन कार्यालय खुलेको दिनमा गरिनेछ।

५. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुर्रक्षत रहने छ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सम्झौतागर्दा मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अकको प्रथमकिस्ता बापत ५० प्रतिशतले हुने रकमअनिवार्य बुझाउनुपर्नेछ।

७. दोश्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८१ साल साउन मसान्त सम्म म्याद सहितजारी गरिएको बैंक ग्यारेन्टी (परफोमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ।

८. बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि क्षतीपूर्तिको दावीगर्न पाईने छैन।

९. सिलबन्दी दरभाउपत्र सम्वन्धी फारामभर्दा कबोल रकमअक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१०. अन्य थप जानकारीको लागि कार्यालय समयभित्र तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

.......................................

लोक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत